कालिगण्डकी गाउँपालिका

# स्थानीय राजपत्र

वर्ष ७ अंक १ २०८०/१०/०७

## भाग १

कालिगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्तिघाट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

# कालिगण्डकी गाउँपालिकाको

## “स्थानीय मदिराजन्य पेय पदार्थको व्यवस्थापन सम्बन्धी ऐन २०८०”

स्वीकृत मिति : २०८०/१०/०७

प्रमाणित मिति : २०८०/१०/०७

**प्रस्तावना :** यस ऐनले परापुर्व कालदेखि धार्मिक, संस्कृतिक, जातीय पहिचान तथा जीवनशैली बनिसकेको प्राकृतिक, जैविक र औषधीय गुणले युक्त पौराणिक पेय पदार्थको रूपमा प्रयोग हुँदै आएको स्थानीय पेय पदार्थलाई परम्परागत शैलीमै उत्पादन, भण्डारण तथा उपयोग गर्न विभिन्न प्रविधिको प्रयोग गरी वैज्ञानिक व्यवस्थापन गर्न, बहुमुल्य जडिबुटीहरूलाई उपयोग गर्ने, स्थानीय अन्न तथा बालीहरू उत्पादनको लागि उत्प्रेरणा प्रदान गर्ने, दिर्घकालिन अर्थतन्त्रको मेरुदण्ड तयार पार्न, स्थानीय रूपमा उत्पादित मदिराजन्य पेय पदार्थलाई गुणस्तरीय रुपमा उत्पादन, संकलन, भण्डारण, गणस्तर नियन्त्रण, बिक्री-वितरण, व्यवस्थापन र निकासी गरी स्थानीय अर्थतन्त्रलाई सबल पार्न, स्थानीय स्तरमा खेर गैरहेका विभिन्न किसिमका फलफुल तथा जङ्गली फलफुल, जडिबुटीहरू, अन्नबालीहरूको प्रवर्द्धन गरी आर्थिक हित कायम गर्न तथा अव्यवस्थित रुपमा गरिने सम्पूर्ण मदिराको उत्पादन, बिक्री वितरण रोक्न सम्बन्धमा कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकाले गाउँसभाले यो कानून बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ :-

- यस ऐनको नाम "स्थानीय मदिराजन्य पेयपदार्थ व्यस्थापन ऐन २०८०" रहेको छ ।
- यो ऐन कालिगण्डकी गाउँपालिकाभित्र लागू हुनेछ ।
- यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

### २. परिभाषा :-

(१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "स्थानीय मदिराजन्य पेय पदार्थ" भन्नाले धार्मिक, संस्कृतिक, जातीय पहिचान तथा जीवनशैली बनिसकेको प्राकृतिक, जैविक र औषधीय गुणले युक्त पौराणिक पेय पदार्थको रूपमा प्रयोग हुँदै आएको स्थानीय पेय पदार्थ (अन्न, फलफूल,

जडिबुटी वा अन्य कुनै वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरीकाबाट तयार पारिएको पेय पदार्थ) सम्झनुपर्छ र सो शब्दले रक्सी, जाँड, छ्याङ तथा अन्य मदिराजन्य पेय पदार्थलाई जनाउँछ ।

(ख) "उत्पादन" भन्नाले स्थानीय मदिराजन्य पेय पदार्थ तयारगर्नका लागि आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने, जैविक मर्चा मिसाउने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा स्थानीय मदिराजन्य पेय पदार्थ तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधि वा कार्य सम्झनुपर्छ ।

(ग) "अनुमतिपत्र" भन्नाले कालिगण्डकी गाउँपालिकाद्वारा यस ऐन बमोजिम स्थानीय मदिराजन्य पेय पदार्थ उत्पादन, बिक्री वितरण निकासी गर्न दिइएको अनुमतिपत्र सम्झनुपर्छ ।

(घ) "प्रविधि" भन्नाले कालिगण्डकी गाउँपालिकाद्वारा तयार पारिएको उत्पादन, संकलन, गुणस्तर परिक्षण तथा ब्राण्डीङ गर्नको लागि निर्दिष्ट गरिएको 'वेब' तथा मोबाइलमा आधिरित प्रविधि सम्झिनु पर्नेछ ।

(ङ) "उत्पादक" भन्नाले गाउँपालिकाद्वारा अनुमतिपत्र प्राप्त गरेको मदिराजन्य पेय पदार्थ उत्पादन गर्ने व्यक्ति वा समूहलाई जनाउने छ

(च) "सङ्कलन केन्द्र" भन्नाले उत्पादकले उत्पादन गरेको स्थानीय मदिराजन्य पेय पदार्थ सङ्कलन गर्नको लागि गाउँपालिकाले निर्दिष्ट गरेको संकलन केन्द्र भन्ने बुझिने छ ।

(६) "प्रयोगशाला" भन्नाले सङ्कलन केन्द्रमा सङ्कलन गरिएको स्थानीय मदिराजन्य पेय पदार्थको ब्राण्डीङ गर्नको लागि आवस्यक पर्ने गाउँपालिकाद्वारा निर्दिष्ट गरेका विभिन्न खालको परीक्षण गर्ने स्थानलाई बुझिने छ ।

# परिच्छेद २

# उत्पादन र वितरण

## ३. स्थानीय मदिराजन्य पदार्थको उत्पादनमा नियन्त्रण

❖ कुनै व्यक्तिले अनुमतिपत्र बिना उत्पादन गर्न पाइने छैन ।

❖ अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम बाहेक उत्पादन गर्न पाइने छैन ।

❖ मदिराजन्य पेय पदार्थ उत्पादनको लागि प्रविधिको प्रयोग गरी पूर्व स्वीकृति लिनु पर्नेछ, प्रविधिको पूर्व स्वीकृति बिना उत्पादन गर्न पाइने छैन ।

## ४. मदिराको बिक्री वितरणमा नियन्त्रण

● कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम बाहेक मदिरा बिक्री, वितरण गर्न वा मदिरापान गराउने बार, रेष्टुरेण्ट वा पसल थाप्न पाउने छैन ।

## ५. मदिराजन्य पेय पदार्थ उत्पादन तथा बिक्री वितरणमा बन्देज

❖ अठार वर्षको उमेर पूरा नगरेको व्यक्तिलाई मदिराजन्य पेय पदार्थ बिक्री वितरण गर्न बन्देज गरिनेछ।

❖ अठार वर्षको उमेर पूरा नगरेको व्यक्ति मदिराजन्य पेय पदार्थ बिक्री वितरणको लागि समेत अयोग्य हुनेछ ।

❖ प्रयोगशालाबाट प्रमाणित गरिएको मदिराजन्य पेय पदार्थ बाहेक अनधिकृत रुपमा उत्पादित कुनै पनि मदिराजन्य पेय पदार्थ बितरण गर्न बन्देज गरिएको छ ।

❖ विक्रीकर्ताले गाउँपालिकाबाट स्वीकृति लिएको र तोकिएको स्थानमा बाहेक अन्यत्र विक्री वितरण गर्न पाउने छैन ।

❖ स्थानीय मदिराजन्य पेय पदार्थ उत्पादन गर्दा जैविक प्राकृतिक मर्चा वा

गाउँपालिकाबाट अनुमति दिइएको बाहेक अन्य कुनै अप्राकृतिक बस्तु प्रयोगमा सख्त बन्देज गरिनेछ ।

❖ स्थानीय मदिराजन्य पेय पदार्थ उत्पादन गर्दा 'रेक्टिफाइड स्प्रिट' प्रयोग गर्न बन्देज गरिएको छ ।

## परिच्छेद ३

## अनुमतिपत्र सम्बन्धी

### ६. अनुमतिपत्रको लागि निवेदन दिनुपर्ने

❖ मदिराको उत्पादन, बिक्री वितरण, निकासी गर्न (निकासी नराख्ने) चाहनेले अनुमतिपत्र लिनको लागि तोकिए बमोजिमको ढाँचामा गाउँपालिकाद्वारा तोकिएको स्थानीय अधिकारी (कार्यपालिका) समक्ष निवेदन दिनु पर्नेछ ।

❖ अनुमतिपत्रको लागि कुनै निवेदन पर्न आएमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा निवेदकलाई अनुमतिपत्र दिन मनासिब देखेमा तोकिए बमोजिमको शर्तको अधीनमा रही मदिराको उत्पादन, बिक्री वितरण, निकासी गर्न तोकिएको दस्तुरलिई तोकिएको ढाँचामा अनुमतिपत्र दिनुपर्नेछ। तर अठार वर्षको उमेर पूरा नगरेको व्यक्तिलाई अनुमतिपत्र दिइने छैन ।

### ७. अनुमतिपत्रको अवधि र नवीकरण

१. अनुमतिपत्रको अवधि र नवीकरण दस्तुर सम्बन्धी व्यवस्था अनुमतिपत्रमा तोकिए बमोजिम हुनेछ ।

### ८. अनुमतिपत्र रद्द गर्न सक्ने

१. स्थानीय मदिराजन्य पेय पदार्थ व्यवस्थापनको लागि गाउँपालिकाले तोकेको अधिकारीले स्थानीय मदिराजन्य पेय पदार्थ उत्पादन तथा विक्रीको लागि दिइएको अनुमतिपत्र देहायको अवस्थामा रद्द गर्न सक्नेछः-

(क) अनुमतिपत्र नवीकरण नगरेमा,

(ख) अनुमतिपत्रमा तोकिएका शर्त उल्लङ्घ नगरेमा,

(ग) स्थानीय मदिराजन्य पेय पदार्थको उत्पादन तथा बिक्री वितरणमा बन्देज गरिएका कुनै पनि कार्य गरेमा ।

## ९. लागू नहुने अवस्था

(क) यस ऐनका अन्य दफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि निजी उपयोगको निमित्त तोकिएको परिमाणमा स्थानीय मदिराजन्य पेय पदार्थ बनाउन यस ऐन अन्तर्गत अनुमतिपत्र लिनुपर्ने छैन ।

## परिच्छेद ४

## कारबाही र सजाय

## १०. खानतलासी, कब्जा वा गिरफ्तार गर्न सक्ने

(१) कुनै स्थानमा यस ऐन विपरित कार्य गरेको छ भन्ने मनासिब कारण भएमा गाउँपालिकाद्वारा तोकिएको स्थानीय अधिकारीले त्यस्तो स्थानको खानतलासी गर्न सक्नेछ ।

(२) खानतलासी गर्दा गाउँपालिकाद्वारा तोकिएको स्थानीय अधिकारीले खानतलासी गर्नुपर्ने कारण खोली खानतलासी गर्ने स्थानको धनी वा तत्काल सो स्थान प्रयोग गरिरहेको व्यक्तिलाई सो स्थानमा प्रवेश गर्नुभन्दा अगावै सूचना दिएर मात्र खानतलासी गर्नुपर्नेछ ।

(३) खानतलासी गर्दा यस ऐन विपरित कार्य भएको विश्वसनीय कारण देखिएमा त्यस्तो कसूरसँग सम्बन्धित सामान कब्जामा लिन सकिनेछ ।

(४) कुनै व्यक्तिले यस ऐन विपरित कार्य गरेको वा गर्न लागेको छ र निजलाई गिरफ्तार नगरेमा निज भागी जाने सम्भावना छ भन्ने लागेमा गाउँपालिकाद्वारा तोकिएको स्थानीय अधिकारीले स्थानीय प्रहरीको प्रयोग गरी निजलाई गिरफ्तार गर्न सक्नेछ ।

(५) गाउँपालिकाद्वारा तोकिएको स्थानीय अधिकारीले यस दफा बमोजिम खानतलासी, कब्जा वा गिरफ्तार गर्दा स्थानीय वार्ड प्रतिनिधिको रोहबरमा गर्नुपर्नेछ ।

## १०. स्थानीय सरकारलाई तिर्नपर्ने रकम सरकारी बाँकी सरह असूल गर्न

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कुनै व्यक्तिले स्थानीय सरकारलाई तिर्नु बुझाउनुपर्ने रकम नतिरी नबुझाई बाँकी राखेमा त्यस्तो रकम निजबाट गाउँपालिकाले सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

## ११. दुःख दिने नियतले खानतलासी, कब्जा वा गिरफ्तार गर्नेलाई सजाय

(१) यस ऐनको विरुद्ध काम भए गरेको भन्ने मनासिब शङ्का नभई अर्कालाई दुःख दिने, हैरानी गर्ने, बेइज्जती गर्ने वा क्षति पुर्याउने नियतले कुनै स्थानमा प्रवेश गर्न वा खान तलासी गर्ने गराउने, कसैलाई गिरफ्तार गर्ने गराउने, कब्जा वा जफत गर्न नहुने सामान कब्जा वा जफत गर्ने गराउने वा कसैलाई अनावश्यक क्षति वा चोट पुऱ्याउने वा पुऱ्याउन लगाउने व्यक्तिलाई गाउँपालिकाको न्यायिक समितिको निर्णय अनुसार सजाय हुनेछ ।

## १२. दण्ड सजाय

(१) यस ऐन विपरीत काम गर्ने व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

(२) यस ऐन विपरीतको कुनै काम गर्न उद्योग गर्ने वा त्यस्तो काम गर्न दुरुत्साहन गर्ने वा सो काममा सहयोग गर्ने व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

## १३. मदिरा तथा अन्य सामानको जफत र बिक्री

(१) कुनै व्यक्तिले यस ऐन विपरीत मदिराको उत्पादन, बिक्री वितरण, निकासी गरेमा सो कार्यसँग सम्बन्धित मदिरा स्थानीय अधिकारीले जफत गर्नेछ ।

(२) जफत गरिएको मदिरा मध्ये गुणस्तरयुक्त मदिरा स्थानीय अधिकारीले तोकिए बमोजिम स्थानीय मदिराजन्य पेय पदार्थ व्यवस्थापन गर्न बनेको प्रयोगशालामा पठाउने छ ।

(३) यस ऐन विपरीत मदिराको कारोबार गर्न प्रयोग गरिएका सबै सामानहरु स्थानीय अधिकारीले जफत गरी तोकिए बमोजिम लिलाम बिक्री गर्नेछ। तर सवारी साधनको हकमा सवारीधनीको मञ्जुरी रहेनछ भने त्यस्तो सवारी साधन जफत हुनेछैन ।

## १४. सहयोग गर्नुपर्ने

(१) यस ऐन अन्तर्गत सजाय हुने कसूरको तह किकातको सिलसिलामा स्थानीय अधिकारी वा निजबाट अधिकार पाएको कर्मचारीले सहयोग मागेमा आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

## १५. मुद्दा हेर्ने अधिकारी

(१) स्थानीय मदिराजन्य पेय पदार्थ सम्बन्धी कुनै पनि मुद्दामा सुरु कारबाही र किनारा गर्ने सम्पूर्ण अधिकार गाउँपालिकाको न्यायिक समितिलाई हुनेछ ।

## १६. नियम बनाउने अधिकार

(१) यस ऐनको उद्देश्य कार्यन्वयन गर्न कालिगण्डकी गाउँपालिकाले विभिन्न नियमहरू बनाउन सक्नेछ ।

## १७. बचाउ

(१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भएता पनि अन्य प्रचलित नेपाल कानुन बमोजिम भट्टी वा मदिरा उत्पादन गर्ने ठेक्का वा अनुमति प्राप्त गरेकोलाई एस ऐनले बाधा पुर्याएको मानिने छैन ।

**प्रमाणिकरण**

**वेद बहादुर थापा**

**कालिगण्डकी गाउँपालिका अध्यक्ष**

**प्रमाणिकरण मितिः २०८०/१०/०७**

**आज्ञाले**

**नरेश गिरी**

**प्रमुख प्रशासकीय अधिकृत**